apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १७३ ● पृष्ठः ४ ● २६ असार २०८३ शुक्रबार (10 July 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



खगेन्द्र सुनारको प्रश्न–बाँदर मार्दा कारबाही हुने देशमा जेनजी मार्दा किन नहुने ?

समाचार पृष्ठ ४

## बलकावाको विद्यालयमा खानेपानी उपचार प्लान्ट, ५०० विद्यार्थी लाभान्वित

**मधेशका शिक्षा मन्त्री सिंहले गरे उद्घाटन, शुद्ध खानेपानी प्रत्येक विद्यार्थीको अधिकार भएको बताए ।**

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २५ गते**

सिरहाको गोलबजार नगरपालिका-११ स्थित श्री जनता माध्यमिक विद्यालय, बलकावामा शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले खानेपानी उपचार (वाटर ट्रीटमेन्ट) प्लान्ट जडान गरिएको छ । प्लान्ट सञ्चालनमा आएपछि विद्यालयका करिब ५०० विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

बुधबार आयोजित कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले प्लान्टको उद्घाटन गर्दै शुद्ध खानेपानी प्रत्येक विद्यार्थीको आधारभूत अधिकार भएको बताए । उनले दूषित पानीका कारण बालबालिकामा विभिन्न रोगको जोखिम रहने भएकाले विद्यालयमा सुरक्षित खानेपानीको व्यवस्था गर्न प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिरहेको उल्लेख गरे ।



"यस प्रकारका प्लान्टले विद्यार्थीको शुद्ध खानेपानीमा पहुँच बढाएको छ। मन्त्रालयले पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछ," मन्त्री सिंहले भने। उनले गैरसरकारी संस्थालाई समेत विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा सहकार्य गर्न आग्रह गरे ।

मन्त्री सिंहले मधेश प्रदेशको शैक्षिक अवस्था देशकै कमजोर रहेको भन्दै गुणस्तर सुधारका लागि सरकार प्रतिबद्ध रहेको बताए । आगामी आर्थिक वर्षदेखि ५०० स्वयंसेवक शिक्षक भर्ना, प्रत्येक जिल्लामा तीन-तीनवटा छात्रावाससहित नमुना विद्यालय स्थापना तथा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने विद्यालयलाई विशेष अनुदान उपलब्ध गराउने योजना रहेको जानकारी दिए ।

गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गर्न सहयोग गरेको गैरसरकारी संस्था हेल्पिङ ह्याण्डप्रति आभार व्यक्त गर्दै आवश्यक थप पूर्वाधार निर्माणमा नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए ।

हेल्पिङ ह्याण्डले आफ्नो पानी, सरसफाइ तथा स्वच्छता (वास) कार्यक्रमअन्तर्गत विद्यालयमा खानेपानी उपचार प्लान्ट र धारा

बाँकी पृष्ठ ३ ▸▸

## गोलबजारमा कुटपिट घटनाका पीडित र आफन्तमाथि प्रहरीबाटै दुर्व्यवहार



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २५ गते**

सिरहाको गोलबजारमा कुटपिट घटनाका पीडितले आफूले दिएको उजुरीमाथि सुनुवाइ नभएको विषयमा गुनासो गर्दा प्रहरीबाटै दुर्व्यवहार भोग्नु परेको गुनासो गरेका छन् ।

गोलबजारस्थित इलाका प्रहरी कार्यालय परिसरमा प्रहरीले पीडितलाई दुर्व्यवहार गरेको हो । गोलबजार नगरपालिका-११ मा दुई महिनाअघि बाख्राको विषयमा स्थानीय समसाद लहेरी र रुबो खातुनबीच झगडा भएको थियो । त्यसक्रममा रुबोका छोरा कैस खातुनको कुटपिटबाट समसाद पनि घाइते भए भने उनकी श्रीमती जरिना खातुनको औंला भाँचिएको थियो ।

जरिनाको स्थानीय अस्पतालमा उपचारपछि विराटनगरस्थित न्यूरो अस्पतालमा शल्यक्रिया गरी स्टिल राखिएको थियो । सोही विषयमा समसादले प्रहरीमा उजुरी दिएका थिए । उनीहरूबीच यसअघि पनि छलफल भएकोमा उपचार खर्चको विषयलाई लिएर विवाद मिल्न सकेन ।

पछिल्लो समय रुबो पक्ष प्रहरीमा छलफलमा आउनै छाडेका थिए । विहीबारका लागि पनि दुवै पक्षलाई

बाँकी पृष्ठ २ ▸▸

## बजेट स्वीकृत एउटा, लागत अनुमान अर्कै: विष्णुपुर धान प्रशोधन उद्योग स्थापनामा भ्रष्टाचार

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २५ गते**

सिरहाको विष्णुपुर गाउँपालिका वडा नं. १ मा अवस्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडमा धान प्रशोधन उद्योग स्थापनाका लागि प्राप्त सरकारी रकम हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ ।

अख्तियारले विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्र कुमार महतसमेतका प्रतिवादीहरू विरुद्ध बिहीबार मुद्दा दायर गरेको हो।

साना किसान कृषि सहकारी संस्थाका प्रबन्धक र सञ्चालक समिति लगायतको मिलेमतोमा उपभोक्ता समिति खडा गरी फर्जी मूल्याङ्कन बनाएर रकम भुक्तानी लिएको उजुरी





परेपछि अख्तियारले अनुसन्धान थालेको थियो। अनुसन्धानका क्रममा प्रतिवादीहरूले आपसी मिलेमतोमा बदनियतपूर्वक आफूहरूलाई लाभ लिने उद्देश्यले नेपाल सरकार र गाउँपालिकाको रकम हिनामिना गरेको पुष्टि भएको छ ।

आर्थिक वर्ष २०७७/०७८ को संघीय सरकारबाट सशर्त अनुदान कार्यक्रम अन्तर्गत कृषि सहकारी संस्थामार्फत ५० प्रतिशत लागत साझेदारीमा उद्योग स्थापना गर्न ५० लाख रूपैयाँ बजेट स्वीकृत भएको थियो। सार्वजनिक खरिद नियमावली अनुसार जनसहभागिताको अंशसमेत समावेश भएको लागत अनुमान एक करोड रूपैयाँसम्मको मात्र निर्माण कार्य गराउनु पर्ने कानुनी व्यवस्था छ। तर सो व्यवस्था विपरीत १ करोड ११ लाख २ हजार ५० रूपैयाँ आठ पैसाको लागत अनुमान स्वीकृत गरी योजना सम्झौता फाराममा द्विपक्षीय सम्झौता गरेर निर्माण कार्य गरिएको

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेशले अघि बढाउन सकेन बजेट छलफल, सभा अनिश्चितकालका लागि स्थगित

**संशोधनको माग गर्दै विपक्षीको अवरोध, २५ दिनसम्म सार्वजनिक गरिएको छैन आर्थिक विधेयक**

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २५ गते**

मधेश प्रदेशले असार १ गते प्रस्तुत गरेको बजेटमाथि हालसम्म पनि छलफल नै अघि बढाउन सकेको छैन ।

बजेट भाषणसँगै प्रदेशसभामा दर्ता हुनुपर्ने आर्थिक विधेयक अहिलेसम्म सार्वजनिक गरिएको छैन ।

विधेयक माथिको सैद्धान्तिक छलफल समेत अघि नबढेको अवस्थामा चालु वर्षमै बजेट स्वीकृत गर्न कठिन हुने देखिएको छ ।

त्यस्तै, आगामी आर्थिक वर्षको सुरूआतमा प्रदेश सरकारले गर्ने खर्चमा पनि समस्या पर्ने देखिएको छ ।

संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाले असार १ गतेभित्र आगामी



आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्नुपर्छ।

बजेट भाषणसँगै खर्चका लागि तयार गरिएको विनियोजन विधेयक र कर उठाउनका लागि तयार गरिएको आर्थिक विधेयक पनि दर्ता गर्नुपर्ने व्यवस्था छ।

असार १ गते बजेट भाषणपछि बोलाइएको बैठकमा प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले बजेट र आर्थिक विधेयक टेबल गरेका थिए ।

तर, बजेटमाथिको विरोधका कारण अहिलेसम्म पनि मधेश प्रदेशले आर्थिक विधेयक सार्वजनिक गरेको छैन । असार १८ गतेदेखि प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित छ।

बजेटपछि दुई दिन मात्र प्रदेशसभाको

बाँकी पृष्ठ ३ ▸▸

## प्रधानमन्त्री बालेनलाई वाचा सम्झाउन काठमाडौं हिंडे मिटरब्याजपीडित

**सरकारले समस्या समाधानको पहल नगरेको भन्दै मिटरब्याजपीडितले थाले जनकपुरको तिरहुतियादेखि काठमाडौँसम्म पैदलयात्रा**

**वीरेन्द्र रमण**
**जनकपुरधाम, असार २५ गते**

प्रधानमन्त्री वालेन्द्र शाहले आफ्नो पहिलो चुनावी आमसभामा जनकपुरको तिरहुतियागाछीबाट भनेका थिए, "अधिकार माग्न अब काठमाडौँ जानु पर्दैन, पशुपति वा स्वयम्भू दर्शन गर्न मात्र जानुहोला ।"

तराई-मधेशमा देखिएको मिटरब्याजलगायत समस्या थाहा भएकाले सरकार बनेपछि त्यसलाई उच्च प्राथमिकतामा राखेर समाधान गर्ने उनको वाचा थियो ।

तर, गठन भएको १०० दिन पुगिसक्दा पनि सरकार समस्या समाधानको बाटो नहिँडेको भन्दै ध्यानाकर्षण गराउन





मिटरब्याजपीडितहरू २५ असारमा तिरहुतियागाछीबाट काठमाडौँतर्फ पैदलयात्रामा निस्किएका छन् । यात्रामा तराई-मधेशसहित विभिन्न जिल्लाका ५०० हाराहारी पीडित सहभागी छन् ।

"कुनबेला घरजग्गा लिलाम हुन्छ, कुनबेला पक्राउ पुर्जी आउँछ, थाहा छैन," पैदलयात्रामा सहभागी एक पीडित भन्छन्, "हामी हरेक दिन डरमै बाँचिरहेका छौँ। त्यसैले प्रधानमन्त्रीलाई वाचा सम्झाउन काठमाडौँ जाँदै छौँ ।"

### मिटरब्याजको पीडा

जनकपुरधाम उपमहानगरपालिका-४ का सर्वजित राय मिटरब्याजको पीडा भोग्नेमध्ये एक हुन् । साहुकारबाट १३ लाख ८७ हजार रुपैयाँ ऋण लिए पनि मिटरब्याज बुझाउँदा बुझाउँदा दुई वर्षभित्र २२ लाख ४४ हजार रुपैयाँ तिर्नुपरेको उनको दाबी छ । पैसा

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## अस्पतालको लापरबाही कि दुर्भाग्य ?

धनुषा अस्पतालमा उपचारका क्रममा सिरहा नगरपालिका-२१ लग्डीगोठकी २३ वर्षीया कल्याणी पासवानको मृत्यु हुनु अत्यन्त दुःखद र संवेदनशील घटना हो । गर्भमै मृत्यु भइसकेको आठ महिनाको शिशु निकाल्ने उपचारका क्रममा एक युवा आमाको ज्यान जानु केवल एउटा परिवारको पीडा मात्र होइन, सार्वजनिक स्वास्थ्य सेवाप्रतिको विश्वाससँग पनि जोडिएको विषय हो ।

मृतकका श्रीमान् र आफन्तले चिकित्सकको लापरबाही, समयमै शल्यक्रिया नगर्नु, परिवारसँग पर्याप्त समन्वय नगरी विराटनगर रेफर गर्नु तथा घटनालाई ढाकछोप गर्ने प्रयास भएको आरोप लगाएका छन् । अर्कोतर्फ, उपचारमा संलग्न चिकित्सकले भने उपचार प्रक्रियामा कुनै लापरबाही नभएको र अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको दाबी गरेकी छन् । दुवै पक्षका दाबी गम्भीर छन् र यिनको निष्पक्ष छानबिन अपरिहार्य छ ।

यस्तो अवस्थामा भावनाका आधारमा कसैलाई दोषी ठहर गर्नु उचित हुँदैन । तर, कुनै पनि सार्वजनिक अस्पतालले उपचारका क्रममा भएका प्रत्येक निर्णय, जोखिम र प्रक्रियाबारे बिरामीका परिवारलाई स्पष्ट जानकारी दिनु तथा सबै चिकित्सकीय मापदण्ड पालना गर्नु अनिवार्य दायित्व हो । यदि उपचारमा कमजोरी भएको पुष्टि हुन्छ भने दोषीमाथि कानुनी कारबाही हुनुपर्छ । यदि लापरबाही नभएको प्रमाणित हुन्छ भने त्यसको तथ्यसमेत पारदर्शी रूपमा सार्वजनिक गरिनुपर्छ ।

घटनापछि अस्पतालमा उत्पन्न तनाव, तोडफोडको प्रयास र प्रहरी परिचालनले स्वास्थ्य संस्थाको सुरक्षा तथा सेवा प्रवाहमा थप चुनौती सिर्जना गरेको छ । आक्रोश स्वाभाविक भए पनि हिंसा कुनै समाधान होइन । यस्ता घटनाले प्रमाण नष्ट हुन सक्छ र सत्य पत्ता लगाउने प्रक्रियालाई समेत प्रभावित बनाउँछ ।

स्वास्थ्य क्षेत्रमा हुने यस्ता मृत्युका घटनाले हाम्रो प्रणालीका कमजोरीमाथि प्रश्न उठाइरहेका छन् । उपचारको गुणस्तर, आकस्मिक अवस्थाको व्यवस्थापन, बिरामीसँगको संवाद र जवाफदेहिता सुदृढ नगरेसम्म यस्ता घटनाले पुनः दोहोरिने जोखिम रहन्छ ।

यस घटनाको निष्पक्ष, स्वतन्त्र र शीघ्र छानबिन गरी सत्य सार्वजनिक गरिनुपर्छ । पीडित परिवारले न्याय पाउनुपर्छ, निर्दोषलाई दोषी बनाइनु हुँदैन र दोषीलाई कुनै हालतमा उन्मुक्ति दिइनु हुँदैन । जनताको स्वास्थ्य र जीवनसँग जोडिएका विषयमा पारदर्शिता, जिम्मेवारी र न्याय नै राज्यको पहिलो प्राथमिकता हुनुपर्छ ।

## गोलबजारमा कुटपिट घटनाका पीडित ............

प्रहरीमा छलफलमा डाकिएको थियो । पीडित पक्ष प्रहरीमा पुगे पनि पीडक पक्ष नआएपछि प्रहरीसमक्ष उनीहरूले गम्भीरतापूर्वक किन नलिएको भन्दै गुनासो गरेका थिए । सोही क्रममा प्रहरी र पीडित पक्षबीच भनाभन भएको थियो । प्रहरीले त्यसक्रममा पीडितलाई धकेल्दै र अपशब्द प्रयोग गरी कार्यालयबाट निकालेको फोटो, भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको छ ।

आफूहरू बोलाइएको दिन पटकपटक प्रहरीमा पुगे पनि पीडक उपस्थित नहुने, प्रहरीले पनि टार्ने कुरा मात्रै गरेपछि गुनासो गरेको समसाद बताउँछन् । 'हामी पटकपटक प्रहरीमा जान्छौं, तर विपक्षी आउँदैनन्, प्रहरी पीडकसँगै मिलेकोजस्तो कुरा गर्छन्, थर्काउँछन्,' उनले कान्तिपुरसित भने, 'विहीबार गुनासो पोख्दा प्रहरीले उल्टै दुर्व्यवहार गरे ।'

यस क्रममा प्रहरीले समसादका भतिजो अफ्ताव लहेरीलाई केही समयसम्म नियन्त्रणमा पनि लिएको थियो ।

गोलबजारका प्रहरी प्रमुख प्रहरी निरीक्षक सुदन केसीले भने उनीहरूले प्रहरी कार्यालयभित्र भिडियो खिच्न थालेपछि प्रहरीले रोक्दा विवाद भएको दाबी गरे ।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# गुप्तचर संस्थाको वृहत् पुनर्संरचना गरी क्षमता अभिवृद्धि गर्ने अवसरको कसीमा बालेन सरकार




भदौ २३ र २४, २०८२ को जेन्जी आन्दोलनबाट पुराना राजनीतिक दलहरूको सत्ता बहिर्गमन र फागुन २१ मा सम्पन्न निर्वाचनले उक्त बहिर्गमनलाई दुईतिहाइ निकट बहुमतले राजनीतिक वैधानिकता दिएसँगै देशलाई सुशासन र प्रणालीको बाटोमा डोहोऱ्याउने हुटहुटी बोकेका युवाहरूको टिमले सरकारको बागडोर सम्हालेको छ । बलियो राजनीतिक ब्याकअपसहित गठन भएको बालेन शाह नेतृत्वको शक्तिशाली सरकारले राजनीतिक, प्रशासनिक क्षेत्रमा व्याप्त बेथिति अन्त्य, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रत्याभूति, फजुल खर्च कटौती, राज्यका निकायहरूको सबलीकरण, नीतिगत एवं कार्यान्वयन तहमा हावी भएको बिचौलियातन्त्रविरुद्ध निर्मम प्रहार, सरकारी एवं सार्वजनिक जग्गा संरक्षण, प्रशासनिक एवं शैक्षिक क्षेत्रमा ऐंजेरुझैं जकडिएका पार्टीका मोहरा समूह (फ्रन्ट ग्रुप्स) हरू खारेजी, सार्वजनिक निकायहरूको सशक्तीकरण, सरकारी संस्थाहरूमा प्रणालीको विकास लगायत थुप्रै क्षेत्रमा चालेका सुरुवाती कदमहरू आमनागरिकको दृष्टिकोणमा सकारात्मक देखिएका छन् ।

राज्यका हरेक निकायको शुद्धीकरण, सबलीकरण एवं सशक्तीकरण गर्ने कार्य बालेन सरकारको प्रमुख निशाना देखिन्छ । प्रशासनिक तथा सुरक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप अन्त्य गरी बलियो कानुनी आधार तयार पार्ने, संगठनात्मक पुनर्संरचना गर्ने, दक्ष एवं व्यावसायिक जनशक्तिको विकास गर्ने, स्थिर एवं स्वचालित प्रणाली निर्माण गर्नेतर्फ वर्तमान सरकार दिशानिर्देश भएको महसुस हुन्छ । प्रशासनिक क्षेत्रको रूपान्तरण गरी सेवा प्रवाह र विकास निर्माणका कामहरूलाई छिटो, छरितो, पारदर्शी एवं गुणस्तरीय बनाउने दिशामा केन्द्रित भई चालिएका कतिपय हस्तक्षेपकारी कदमबाट कर्मचारीवृत्त त्रसित भएको भनी विभिन्न कोणबाट टिकाटिप्पणी भइरहे तापनि ती कदमहरू देश र जनताको हितभन्दा बाहिर गएर चालिएका हुन् भनी अहिल्यै आलोचना गर्ने समय भइसकेको छैन ।

भूराजनीतिक समीकरणमा आएको फेरबदल (चेन्ज्ड वर्ल्ड अर्डर) र समय सन्दर्भसँगै परिवर्तित आन्तरिक र बाह्य सुरक्षा चुनौतीहरू सामना गर्न सक्ने गरी सुरक्षा निकायहरूलाई रूपान्तरण गर्नेतर्फ सरकारको ध्येय देखिन्छ । नीतिगत, कानुनी स्पष्टता, संरचनागत, संस्थागत रूपान्तरण, दक्ष एवं व्यावसायिक जनशक्ति उत्पादन, प्रविधियुक्त कार्यप्रणाली, पर्याप्त स्रोत-साधनको सुनिश्चितता सुरक्षा क्षेत्र सुधारका अपरिहार्य विषय हुन् ।

सुरक्षा निकायहरूको सशक्तीकरण गर्ने स्पष्ट दृष्टिकोणसहित देशको एक मात्र गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयअन्तर्गतबाट पुनः प्रधानमन्त्री मातहत ल्याएर वर्तमान सरकारले इन्टेलिजेन्स संस्था पुनर्संरचनाका साथै समग्र राष्ट्रिय सुरक्षा प्रणाली मजबुत बनाउने प्रयासको थालनी गरेको देखिन्छ । निर्वाचन गराउने म्यान्डेटका साथ गठन भएको पूर्ववर्ती सरकारले राष्ट्रिय सुरक्षाको अभिन्न अङ्ग राष्ट्रिय अनुसन्धान विभागलाई अस्थिर बनाइराख्ने कार्यको निरन्तरतास्वरूप अप्रत्याशित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पुनः गृह मन्त्रालय मातहत राख्ने निर्णय गरेको थियो । इन्टेलिजेन्स परिचालन सम्बन्धी आवश्यक अध्ययन तथा पर्याप्त गृहकार्यविना पुनः गृह मन्त्रालय मातहत राख्ने निर्णय उल्ट्याउँदै वर्तमान सरकारले अन्तरिम सरकारको अपरिपक्व कदममा कोर्स करेक्सन गरेको छ ।

नेपालमा आन्तरिक र बाह्य गुप्तचरी हेर्ने छुट्टाछुट्टै निकाय नरहेकाले राष्ट्रिय अनुसन्धान विभागले निर्देशित कानुनअनुसार दुवै जिम्मेवारी वहन गर्दै आएको छ । अन्तर्राष्ट्रिय अभ्यासहरू हेर्दा बाह्य गुप्तचर संस्था, देशको कार्यकारी प्रमुख र आन्तरिक गुप्तचर संस्था गृह मामिला मातहत रहने गरेको छ । भारतको रअ, संयुक्त राज्य अमेरिकाको सीआईए, इजरायलको मोसाद, रुसको एफएसबी र एसभीआर, पाकिस्तानको आईएसआईजस्ता विश्वमै नाम कहलिएका इन्टेलिजेन्स संस्था त्यहाँका कार्यकारी प्रमुखको प्रत्यक्ष मातहत रहेका छन् । इन्टेलिजेन्स संस्थाले कार्यकारी प्रमुखलाई गर्ने प्रतिवेदनका आधारमा सरकारले सुरक्षा सम्बन्धी नीति, रणनीति, कार्यनीति, योजना तय गरी राष्ट्रिय सुरक्षा मजबुत बनाउने गर्दछ । राष्ट्रिय सुरक्षा र हितको रक्षा, देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय एकता, वैदेशिक चलखेल एवं प्रभाव लगायतका विषयमा रणनीतिक सूचना सङ्कलन, विश्लेषण गरी सरकारसमक्ष सम्प्रेषण गर्नु विभागको प्राथमिक जिम्मेवारी हो । यो जिम्मेवारी मुख्यतः आन्तरिकभन्दा बाह्य गुप्तचरीसँग सम्बन्धित हुन्छ । कानुनी र संरचनागत व्यवस्था गरी बाह्य गुप्तचरीको कार्य थालनी गर्ने सोचसहित सरकारले विभागलाई कार्यकारी मातहत लगेको अपेक्षा गरिएको छ ।

वि.सं. २००८ सालमा सेन्ट्रल इन्टेलिजेन्स ब्युरोको नाममा स्थापना भएयता करिब साढे सात दशकको इतिहास बोकेको नेपालको इन्टेलिजेन्स संस्थाले विभिन्न राजनीतिक व्यवस्था र वर्षैपिच्छे जसो परिवर्तन हुने सरकारहरूको छायाँमा परेर संस्थागत स्थिरता कायम गर्न नसकेको यथार्थ हो । कहिले दरबारको प्रत्यक्ष नियन्त्रणमा, कहिले नेपाल प्रहरी ऐनअन्तर्गत, कहिले गृह मन्त्रालय त कहिले प्रधानमन्त्री कार्यालय मातहत रही संस्थागत अस्थिरतामा गुप्तचर संस्था गुज्रँदै आएको छ । सरकारको प्राथमिकतामा नपरे तापनि प्रदत्त जिम्मेवारीअनुसार विभागले खास-खास परिस्थितिमा देश र जनताको सुरक्षाका खातिर महत्त्वपूर्ण भूमिका निर्वाह गरेको यथार्थलाई सुरक्षाको बागडोर सम्हालेका राजनीतिक र प्रशासनिक नेतृत्वले अस्वीकार गर्न सक्दैनन् ।

पछिल्लो अवधिमा वि.सं. २०४७ सालयता राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालय मातहत रही कार्यसम्पादन गर्दै आएको थियो । संविधान जारी भएपछि २०७४ मा सम्पन्न पहिलो निर्वाचनपछि दुईतिहाइ बहुमतसहित केपी ओली नेतृत्वको शक्तिशाली सरकारले विभागलाई सबलीकरण गर्न खोजेको थियो । राष्ट्रिय सुरक्षामा इन्टेलिजेन्स संस्थाको भूमिका, यसको संवेदनशीलता, संस्थाले गर्ने कामकारबाहीको प्रभावकारिता अभिवृद्धि, अन्तर्राष्ट्रिय अभ्याससमेत विश्लेषण गरी विभागलाई कार्यकारी प्रमुखअन्तर्गत राख्ने निर्णय भएको थियो । त्यस समयमा गुप्तचर संस्थाको रूपान्तरण, क्षमता अभिवृद्धि, कार्यप्रभावकारिता, प्राविधिक इन्टेलिजेन्सको प्रयोग, काउन्टर इन्टेलिजेन्स कार्यको थालनीजस्ता विषय प्राथमिकतामा नपरेका होइनन् । तर दुईतिहाइको तत्कालीन सरकार आन्तरिक खिचातानीका कारण कमजोर बन्न पुगेपछि इन्टेलिजेन्स संस्था सुधारका प्रयास ओझेलमा परेको थियो ।

कार्यकारी प्रमुख मातहत रहेको गुप्तचर संस्थामा पुनः अस्थिरता सिर्जना गर्ने गरी नागरिक सरकारले हठात् निर्णय गरी गृह मातहत फर्काएपछि विभाग फेरि एकपटक अस्थिरताको सिकार बन्न पुगेको थियो । इन्टेलिजेन्स संस्था सञ्चालनको सैद्धान्तिक दृष्टिकोण र सुरक्षा क्षेत्रका विज्ञसहित समग्र इन्टेलिजेन्स समुदायको अभिप्रायविपरीत पुनः गृह मन्त्रालय लैजाने निर्णयप्रति चिन्ता प्रकट हुनुका साथै गुप्तचर कर्मचारीहरूको मनोबल कमजोर बन्न पुगेको थियो । अघिल्लो सरकारले गरेको निर्णय करिब साढे सात महिनामै उल्ट्याएर बालेन सरकारले राष्ट्रिय सुरक्षामा गुप्तचर संस्थाको भूमिका, महत्त्व र औचित्यलाई आत्मसात् गर्नुका साथै अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा विभागको संस्थागत रूपान्तरण गर्ने प्रक्रिया बढाउने सङ्केत गरेको छ ।

देशको राष्ट्रिय सुरक्षा प्रणालीमा प्रभावकारिता अभिवृद्धि गरी सबैखाले आन्तरिक र बाह्य सुरक्षा चुनौतीहरू सामना गर्नका निम्ति सक्षम, सबल र शक्तिशाली राष्ट्रिय गुप्तचर निकाय आवश्यक पर्दछ । इन्टेलिजेन्स संस्था कमजोर भएमा राष्ट्रिय सुरक्षा बलियो हुनै सक्दैन । इन्टेलिजेन्स संयन्त्र कमजोर भएमा राज्यले कस्तो बर्बादी व्यहोर्नुपर्दोरहेछ भन्ने विषय हालै भेनेजुएला, इरान, प्यालेस्टाइनलगायत मध्यपूर्वी देशहरूमा भएका घटनाबाट पनि बुझ्न सकिन्छ । अर्कोतर्फ सशक्त इन्टेलिजेन्स संस्थाले राज्यको पक्षमा कुन हदसम्मको सूचना सङ्कलन एवं गोप्य अभियान सञ्चालन गर्न सक्दा रहेछन् भन्ने कुरा अमेरिकाको सीआईए र इजरायलको मोसादलाई हेर्दा पुग्छ ।

बहुदल स्थापनापछिका कुनै पनि सरकारको प्राथमिकतामा पर्न नसकेको गुप्तचर संस्थाले राजनीतिक हस्तक्षेप, अस्थिरता, सत्तास्वार्थका लागि दुरुपयोगको तितो यथार्थ व्यहोर्दै आएको छ । राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गलाई अस्थिर बनाई आफ्नो स्वार्थपूर्तिमा दुरुपयोग गर्ने विगतका सरकार र

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष :** आजको दिन तपाईंका लागि विशेष ऊर्जावान् रहनेछ । नयाँ कामको सुरुवात गर्न उत्साह बढ्नेछ ।

**बृष :** आज खर्चमा अचानक वृद्धि हुन सक्छ, त्यसैले बजेटमा ध्यान दिनुहोला ।

**मिथुन :** आजको दिन आर्थिक दृष्टिकोणले निकै लाभदायक रहनेछ । आम्दानीका नयाँ स्रोतहरू फेला पर्न सक्छन् ।

**कर्कट :** कार्यक्षेत्र र करियरका लागि आजको दिन उत्कृष्ट छ । कार्यस्थलमा तपाईंको प्रभाव बढ्नेछ ।

**सिंह :** भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू आज सहजै सम्पन्न हुनेछन् ।

**कन्या :** आज स्वास्थ्यको मामलामा अलि सजग रहनुहोला । त्यसैले वाणीमा नियन्त्रण राख्नुहोला ।

**तुला :** साझेदारीका कामहरूबाट आज राम्रो लाभ मिल्नेछ । वैवाहिक जीवन सुखमय रहनेछ ।

**वृश्चिक :** आज शत्रु वा विरोधीहरू परास्त हुनेछन् । ऋण वा पुराना स्वास्थ्य समस्याहरूबाट मुक्ति मिल्ने समय छ ।

**धनु :** शिक्षा, प्रेम र सन्तानको पक्षबाट सुखद समाचार सुन्न पाउनुहुनेछ ।

**मकर :** आज मानसिक रूपमा केही अशान्ति वा तनाव महसुस हुन सक्छ ।

**कुम्भ :** तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ । छोटो दूरीको फलदायी यात्राको योग छ ।

**मीन :** आर्थिक रूपमा आजको दिन बलियो रहनेछ । धन सञ्चय गर्न सफल हुनुहुनेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# स्थानीय तहमा 'सुत्र' प्रणाली बन्द

## असार ३२ सम्म हिसाब मिलानका लागि मात्रै सञ्चालन हुने

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २५ गते**




महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहका आर्थिक कारोबार सञ्चालनमा प्रयोग हुँदै आएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) बिहीबार मध्यरातदेखि बन्द गरेको छ।

उपमहालेखा नियन्त्रक यज्ञप्रसाद ढकालका अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअघि भुक्तानी, निकासा तथा खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी व्यवस्थाअनुसार प्रणाली बन्द गरिएको हो।

कार्यालयका अनुसार नियमावलीको उपनियम (७) बमोजिम अब सुत्र प्रणाली २०८३ असार ३२ गतेसम्म हिसाब मिलानका लागि मात्र सीमित रूपमा सञ्चालन हुनेछ।

यस अवधिमा भुक्तानीबाट कट्टी भई दाखिला हुन बाँकी रहेका अग्रिम आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), पारिश्रमिक कर, कार्यालय सञ्चालन कोष, नागरिक लगानी कोष, सावधिक जीवन बिमा कोष, योगदानमा आधारित निवृत्तिभरण कोष तथा कट्टी गरिएका धरौटी रकम सम्बन्धित बैंकमा जम्मा गर्न सकिने कार्यालयले जनाएको छ।

त्यसैगरी, २०८३ असार २५ गतेसम्म सुत्र प्रणालीबाट गरिएको इलेक्ट्रोनिक फन्ड ट्रान्सफर (ईएफटी) मध्ये विभिन्न कारणले ट्रान्सफर अस्वीकृत (रिजेक्ट) भएका भुक्तानीहरू पुनः भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयले संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, समपूरक तथा विशेष अनुदानको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत असार मसान्तसम्म निकासा फिर्ता गर्न सकिने जनाएको छ।

यस्तै, स्थानीय तहका खर्च, राजस्व तथा अन्य खाताबाट स्थानीय सञ्चित कोष खातामा आवश्यक रकम स्थानान्तरण (ट्रान्सफर) गर्न सकिने व्यवस्था पनि कायम रहने कार्यालयले स्पष्ट पारेको छ।

## बलकावाको विद्यालयमा खानेपानी ...........

जडान गरेको हो। साझेदार संस्था हेल्पिङ हार्ट नेपालका महासचिव मिराज खानका अनुसार उक्त परियोजनामा सात लाख रुपैयाँभन्दा बढी लगानी गरिएको छ।

कार्यक्रममा हेल्पिङ ह्याण्डका रिजनल डाइरेक्टर मो. खालिद मोहिसिमले भविष्यमा पनि यस्ता सामाजिक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

वडा नं. ११ का अध्यक्ष मो. सोहेव अनवरले स्थानीय खानेपानीमा अत्यधिक आइरनको मात्रा भएकाले विद्यार्थी लामो समयदेखि समस्या भोग्दै आएको उल्लेख गर्दै संस्थाको पहलबाट समाधान सम्भव भएको बताए।

विद्यालयका प्रधानाध्यापक वेचन साहका अनुसार प्लान्ट सञ्चालनमा आएपछि विद्यालयका करिब ५०० विद्यार्थीले नियमित रूपमा शुद्ध खानेपानी पाउने भएका छन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मो. जियाउद्दिन खानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, शिक्षक, अभिभावक तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।

## मधेश प्रदेशले अघि बढाउन सकेन बजेट छलफल ...........

बैठक बसे पनि प्रक्रिया अघि बढ्न सकेको छैन।

**के हो विवाद ?**

संवैधानिक व्यवस्थाअनुसार असार १ गते अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभामा बजेट प्रस्तुत गरेका थिए।

चालु आर्थिक वर्षमा ४६ अर्ब ५८ करोड रुपैयाँको बजेट ल्याएको मधेश प्रदेशले आगामी आर्थिक वर्षका लागि ४१ अर्ब १३ करोड रुपैयाँको बजेट विनियोजन गरेको छ।

उनले कार्यान्वयनमुखी र यथार्थपरक बजेट ल्याएकाले चालु वर्षको तुलनामा करिब १२ प्रतिशतले बजेटको आकार घटाइएको बताएका छन्।

बजेटपछिको अर्को बैठकमा सभामुखले आर्थिक विधेयक सभामा पेस गर्न निर्देशन दिएका थिए।

आर्थिक विधेयक पेस भए पनि त्यसमाथिको सैद्धान्तिक छलफल अघि बढ्न नसकेकाले विधेयक प्रदेश सभाको वेबसाइट वा अर्थ मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक नगरिएको प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले बताए।

प्रतिपक्षी दलहरूले बजेट समावेशी नभएको, निश्चित व्यापारीलाई लाभ पुग्ने गरी खर्चको व्यवस्था गरिएको तथा आर्थिक सुविधा दिइएको लगायतका कारण देखाउँदै बजेटपछिको प्रक्रिया अघि बढ्न दिएका छैनन्।

उनीहरूले बजेट नै संशोधन हुनुपर्ने अडान राखिरहेका छन्।

जनता समाजवादी पार्टीका नेता तथा पूर्वमुख्यमन्त्री लालबाबु राउतले बजेट सिद्धान्त विपरीत आएको दाबी गर्दै विरोध गरेको प्रतिक्रिया दिएका छन्।

उनले बजेटमाथि मुख्य चार वटा आरोप लगाएका छन्।

पहिलो, मधेश प्रदेशको बजेटमा सामान्य बजेटीय सिद्धान्त पालना नगरिएको र चार-पाँच वटा साना (टुक्रे) योजनालाई मिसाएर एउटै शीर्षकमा राखिएको।

विगतमा अहिलेका अर्थमन्त्री उद्योगमन्त्री हुँदा पनि यसरी योजना मिसाउँदा एउटा पनि काम नभएकाले अहिलेको बजेट पनि कार्यान्वयनमुखी नभएको उनको दाबी छ।

दोस्रो, मधेश विश्वविद्यालयजस्तो संस्थालाई मात्र १ करोड रुपैयाँ र अर्बौं रुपैयाँको भौतिक संरचना निर्माण भइरहेको कृषि विश्वविद्यालयलाई ५ करोड रुपैयाँ मात्र बजेट विनियोजन गरिएको भन्दै विरोध गरिएको उनले बताए।

तेस्रो, पोषणसम्बन्धी विशेष अनुदान र कृषि अनुदानमा केही व्यापारीसँगको मिलेमतोमा ठूलो चलखेल गर्न खोजिएको उनको आरोप छ।

चौथो, कृषि क्षेत्रका केही शीर्षकमा दिइएको अनुदान सामान्य किसानले नपाउने र सीमित व्यापारीलाई मात्र फाइदा पुग्ने आरोप पनि विपक्षी दलको छ।

राउतले सरकारले बहुमतको आडमा बजेटमाथि पर्याप्त छलफल नै नगराई पारित गर्न खोजेको र मन्त्रालयगत छलफलका लागि समय नै नराखेको बताए।

प्रदेशका अर्थमन्त्री भट्टराईले सदन सञ्चालनका लागि सरकारले निरन्तर पहल गरिरहेको बताए।

'हामी सदन चलोस् भन्ने चाहन्छौं। पहल पनि गरिरहेका छौं। पर्याप्त छलफल गरेर बजेट पारित गर्नुपर्छ। यसका लागि छलफल गरिरहेका छौं,' भट्टराईले भने।

उनले बजेट विपक्षीले आरोप लगाएजस्तो नभएको दाबी गरे।

'यस पटकको बजेट अहिलेसम्मकै सबैभन्दा समावेशी र क्षेत्रगत सन्तुलन मिलाइएको छ। कुनै एक जिल्ला वा क्षेत्रमा मात्र बढी बजेट केन्द्रित भएको छैन,' भट्टराईले भने, 'बजेटमा अनिवार्य दायित्व (क्रमागत) बाहेक १ करोड रुपैयाँभन्दा कमका योजना राखिएका छैनन्।'

पोषणसम्बन्धी खर्च बढी विनियोजन गरेर चलखेल गरिएको आरोपको पनि उनले खण्डन गरे।

पोषण शीर्षकमा यस वर्ष अहिलेसम्मकै सबैभन्दा कम बजेट विनियोजन गरिएको उनको दाबी छ।

**बजेटपछि दुई पटक मात्रै सभा बोलाइयो**

असार १ गतेपछि प्रदेशसभाले दुई पटक मात्रै बैठक बोलाएको छ। १७ दिनपछि असार १७ गते बैठक बोलाइएको थियो।

तर प्रतिपक्षले बजेट संशोधन नभएसम्म विरोध जारी राख्ने बताएपछि बैठक १० मिनेटका लागि स्थगित गरिएको थियो। त्यसपछि सो दिन बैठक बस्न सकेन।

असार १८ गते बसेको बैठकमा पनि विरोध भएपछि सभामुखले बैठक अनिश्चितकालका लागि स्थगित गरिएको घोषणा गरेका हुन्।

# 'बालेन सरकारलाई संविधान संशोधनका नाममा पुनर्लेखनको अधिकार छैन'




**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २५ गते**

दलका नेता र कानुनविदहरुले 'संविधान संशोधनको लागि बहसपत्र तयार गर्ने कार्यदल' पूर्णरुपले अवैधानीक रहेको बताएका छन्।

बिहीबार काठमाडौंमा संवाद डबलीले आयोजना गरेको अन्तरक्रियाका सहभागीले रास्वपा सरकारले संशोधनका नाममा संविधानको पुनर्लेखन गरे देशमा द्वन्द्व चर्किने चेतावनी दिए।

नेपाली कम्युनिस्ट पार्टीका नेता देव गुरुङले संविधानका आधारभूत मान्यताहरुलाई नै चलाउने देखिएछि आफूहरु कार्यदलबाटै अलगिनु परेको बताए। निर्वाचनबाट आएको सरकारले संसदबाट संविधानलाई पुनर्लेखन गर्न खोज्ने विषय पूर्ण असंवैधानिक रहेको जिकिर गुरुङको छ।

वर्तमान संसद् र सरकारलाई संविधान निर्माणको जनादेश नभएको, तर उसले संविधानका सबै धारा र दफालाई चलाउन खोजेको बताउँदै गुरुङले भने, 'संशोधन आवश्यक भए पनि संसद्का दलहरूको पहिले सहमति लिन जरुरी पर्छ, त्यस्तो पनि देखिँदैन यसले गर्दा यो प्रक्रिया पूर्ण अवैधानिक छ।'

वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यले कार्यदल राजनीतिक तथा संवैधानीक हिसाबले पूर्ण अवैधानीक हरेको दाबी गर्दै, सो कार्य दलले गघि बढाएको संविधान संशोधन सम्बन्धिको प्रक्रिया पनि अमान्य भएको बताए।

वरिष्ठ अधिवक्ता टिकाराम भट्टराईले वर्तमान सरकारलाई संविधानको मर्म र भावना विपरित एक इन्च पनि तलमाथि गर्ने अधिकार नरहेको जिकिर गरे।

लोकतान्त्रीक समाजवादी पार्टीका नेता लक्ष्मण लाल कर्णले बालेन सरकारले एकपछि अर्को गर्दै जनताका संवैधानीक अधिकार हनन गर्न थालेको भन्दै आक्रोश व्यक्त गरे। कर्णले जनताको लामो त्याग तपस्या र बलिदानबाट स्थापित संवैधानीक अधिकारलाई वर्तमान सरकार खोस्न उद्दत रहेको जिकिर गरे।

राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले संविधानको आधारभूत मूल्यमान्यता चलाउन मिल्दैन भन्दाभन्दै पनि कार्यदल त्यही दिशामा अघि बढेकाले आफूहरु कार्यदलबाटै अलगिएको जनाए।

## प्रधानमन्त्री बालेनलाई वाचा सम्झाउन काठमाडौं हिँडे ...........

तिरसिक्दा पनि भर्पाई नदिई उल्टै आफूविरुद्ध अदालतमा लेनदेनको मुद्दा दायर भएको उनको भनाइ छ। उनका अनुसार रकम लिँदा साहुकारले आफ्नी श्रीमती र आफन्तका नाममा तीन वटा तमसुक बनाएका थिए।

"पैसा लिने बेला लिन्छन्, तर भर्पाई दिँदैनन्," राय भन्छन्, "पछि थोरै मूल्यांकन गरेर घरजग्गा लिलाम गराउने गरिन्छ। मेरो जस्तै धेरै मिटरब्याजपीडितको कथा यही हो।"

धनुषाको मिथिला बिहारी नगरपालिका-७ की फुलो कापरले श्रीमान्लाई वैदेशिक रोजगारीका लागि कुवेत पठाउन करिब एक लाख ५० हजार रुपैयाँ लिएकी थिइन्। वित्तीय संस्थामा धितो र कागजी प्रक्रियाको झन्झट भएकाले गाउँकै एक व्यक्तिको सल्लाहमा साहुकारबाट पैसा लिएको उनी बताउँछिन्।

केही वर्षपछि दुई लाख रुपैयाँ तिर्न खोज्दा साहुकारले रकम लिन नमानेको उनको दाबी छ। श्रीमान् कुवेतबाट बिरामी भएर फर्किएपछि श्रीमान्को कमाइ र आफ्नो मजदुरी गरेर जोगाएको पैसा जोडेर ऋण तिर्न खोज्दा साहुकारले चार लाख रुपैयाँ मागेकाले दिन नसकेको उनको भनाइ छ। त्यसपछि साहुकारले दायर गरेको मुद्दा आफूले खेपिरहेको उनी बताउँछिन्।

"खाने समस्या छ। श्रीमान् बिरामी हुनुहुन्छ, औषधिमुलोमा पैसा चाहिन्छ," कापर भन्छिन्, "त्यसमाथि साहुको यातना छ। हामी गरिबको कुरा कसले सुन्ने ?"

त्यस्तै समस्या झेलिरहेकी छिन्, जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वरकी कुशमीदेवी मलिक डोले। उनले छोरीको विवाहका लागि दुई लाख रुपैयाँ ऋण साहुकारसँग लिएकी थिइन्। श्रीमान्ले वैदेशिक रोजगारी गरेर कमाएको रकमबाट उनले ऋण तिर्न पटक पटक प्रयास गरिन्। पहिले ६ लाख र पछि सात लाख रुपैयाँ लिएर जाँदा पनि साहुकारले रकम लिन नमानेको उनको दाबी छ। त्यसपछि साहुकारले मुद्दा हालेर माइती गाउँमा रहेको नौ धुर जग्गा र घडेरी लिलाम गराएको उनको आरोप छ।

"म अहिले पनि पैसा तिर्न तयार छु," उनी भन्छिन्, "तर उनीहरू पैसा लिन चाहँदैनन्। उनीहरूको नियतमै खोट छ। कागजको म्याद सकिएपछि जग्गा हत्याउने काम भइरहेको छ।"

धनुषाधामस्थित मिथिला बिहारी नगरपालिका-७, कचुरीकी राजकुमारी देवीको पीडा पनि उस्तै छ। उनले छोरालाई वैदेशिक रोजगारीमा पठाउन गाउँकै साहुकारसँग अढाई लाख रुपैयाँ लिएकी थिइन्। तीन वर्षपछि सात लाख रुपैयाँ लिएर ऋण फिर्ता गर्न जाँदा पनि साहुकारले पैसा लिन नमानेको उनको भनाइ छ।

अहिले अदालतमार्फत जग्गा लिलाम गराई घर खाली गर्न सूचना आएको राजकुमारी बताउँछिन्। दुःख गरेर जोडेको १० धुर जग्गाबाट निस्कनुपर्ने अवस्था आएको भन्दै उनी भन्छिन्, "पैसा दिन खोज्दा पनि लिँदैनन्। घरजग्गा नै खोसिएपछि हामी कहाँ जाने ? खाना पनि रुन्न छाडेको छ। दुःख गरेर जोडेको त्यही घडेरी पनि गयो भने हाम्रो बास कहाँ हुन्छ ?"

**'झुटो आश्वासन लिएर फर्किन्नौं'**

मिटरब्याजी साहुकारको अत्याचारविरुद्ध पीडितहरूले सरकारको ध्यानाकर्षण गराउन यसअघि पनि पैदलै काठमाडौं पुगेर माइतीघर मण्डलमा धर्ना दिएका थिए। सरकारसँग पटक पटक सम्झौता पनि भएको थियो। तर, समस्या समाधान नभएको पीडितहरूको दाबी छ।

"अब कति पटक यही समस्या लिएर काठमाडौं धाउने ?" पैदलयात्रामा सहभागी राजकुमारी भन्छिन्, "यसपटक झुटो आश्वासन लिएर फर्किन्नौं। समस्या समाधान नभई यही पीडा बोकेर घर फर्कने हिम्मत छैन।"

तिरहुतिया गाछीमा प्रधानमन्त्री शाहले गरेको वाचा सम्झिँदै उनी भन्छिन्, "उहाँले 'मलाई जिताउनुस्, म काम गर्न चाहन्छु, तपाईंहरूको समस्या समाधान गर्छु' भन्नुभएको थियो। सरकार बन्यो तर हाम्रो दुःख उस्तै छ। उल्टै अड्डा र अदालतमा मुद्दा बढेका छन्।"

परिवर्तनको नारा लिएर आएको सरकारले पनि पीडितहरूको समस्या समाधानमा गम्भीर पहल नगरेको मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालकी अगुवा सरस्वती मिश्रको गुनासो छ। "तेस्रो पटक आशा लिएर मार्च गर्दै काठमाडौं जाँदै छौं," मिश्र भन्छिन्, "यसपटक हामी आश्वासन होइन, न्याय चाहन्छौं। सरकारले हामीलाई फेरि निराश बनाएर नपठाओस्।"

मिटरब्याजलाई सामान्य लेनदेनका रूपमा मात्रै बुझ्नाले समस्या समाधान हुन नसकेको मिश्रको तर्क छ।


"मिटरब्याज केवल आर्थिक कारोबार होइन, गरिबलाई गरिने वित्तीय सामन्तवाद र मानसिक हिंसा हो," उनी भन्छिन्, "यसको स्थायी समाधानका लागि ग्रामीण क्षेत्रमा बैंकिङ पहुँच सहज बनाउनुपर्छ र अपराधीलाई कडा कानुनी कारबाही गर्नुपर्छ।"

आन्दोलनका अध्यक्ष अवधेश कुशवाहा यात्रा अघि बढ्दै जाँदा विभिन्न जिल्लाबाट थप पीडितहरू जोडिने बताउँछन्। काठमाडौं पुगेपछि धर्ना कार्यक्रम गर्ने र सरकारसँग तत्काल समाधान माग गर्ने उनको भनाइ छ। "हामीले आन्दोलन सुरु गरेका छौं। बाटोमा अरू साथीहरू जोडिँदै जानुहुन्छ," कुशवाहा भन्छन्, "हरेक पटक सम्झौता हुन्छ, तर कार्यान्वयन हुँदैन। यही कारण समस्या जस्ताको तस्तै छ। यसपालि सरकारलाई त्यसो नगर्न आग्रह गर्छौं।"

साहुकारको दबाबकै कारण कतिपय पीडित परिवारले विस्थापन, मुद्दामामिला र मानसिक तनावको अवस्था झेलिरहनुपरेकाले तत्काल समस्या समाधान गर्न उनले सरकारसँग आग्रह गरेका छन्। "सरकार अब पनि गम्भीर भएन भने हामी थप सशक्त आन्दोलन गर्न बाध्य हुनेछौं," उनी भन्छन्।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# खगेन्द्र सुनारको प्रश्न– बाँदर मार्दा कारबाही हुने देशमा जेनजी मार्दा किन नहुने ?




**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २५ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले गत भदौ २३ गते बानेश्वरमा भएको जेन्जी आन्दोलनका क्रममा राज्यले चलाएको गोलीबाट युवाहरु मारिएको भन्दै जवाफ मागेका छन् । निशस्त्र युवाहरूमाथि गोली चलाउनेहरू अझै खुल्ला रूपमा हिँडिरहेको भन्दै उनले सरकारको कडा आलोचना गरे।

प्रतिनिधिसभाको बैठकमा सुनारले विगतको सशस्त्र द्वन्द्व र वर्तमानको जेन्जी आन्दोलनको तुलना गरे।

'२०५२ सालमा एउटा छोरो आर्मी र अर्को माओवादी बनेर लड्दा रेडियोले उनीहरूको मृत्युको खबर सुनाउँदा मेरी आमाले चित्त बुझाएकी थिइन्,' उनले भने, 'तर अस्ति २३ गते बानेश्वरमा राज्यले गोली हानेर कान्छो छोरोको हत्या गर्दा अहिलेसम्म आमाले मन बुझाउन सकेकी छैनन् । मेरो छोरो आतंकवादी थियो कि हतियारधारी ? राज्यले किन हत्या गर्‍यो ?'

सांसद सुनारले राज्यको न्याय प्रणालीमाथि प्रश्न उठाउँदै 'बाँदर मार्दा कारबाही हुने देशमा मान्छे मार्दा किन नहुने' भनी प्रश्न गरे।

उनले थपे, 'आरक्षभित्र बाँदर मार्नेलाई कारबाही हुन्छ भने बानेश्वरमा जेन्जी मार्नेलाई कहिले कारबाही हुन्छ ? २३ गते गोली हान्नेहरू बालमा तेल लगाएर बजारमा टुकुन-टुकुन घुमिरहेका छन्, तर २४ गते पीडा सहन नसकेर आन्दोलनमा उत्रिएकाहरू हातखुट्टामा नेल लगाएर जेलमा कोचिएका छन्।'

सांसद सुनारले जेन्जी आन्दोलनका क्रममा सिंहदरबार र अदालतमा भएको आगजनीमा आन्दोलनकारीको हात नरहेको दाबी गर्दै पुराना शासकहरूमाथि गम्भीर आरोप लगाए। उनले ७५ वर्षसम्म देश लुट्नेहरूले नै आफ्नो भ्रष्टाचारको प्रमाण नष्ट गर्न राज्यका संरचनामा आगो लगाएको दाबी गरे।

'हाम्रो सिंहदरबार र अदालतसँग कुनै दुश्मनी थिएन,' सुनारले भने, 'जसले ७५ वर्ष देश गलायो, जसले यो देशलाई कागज र भाका मिलाएर लुट्यो, तिनैले आफ्नो पापको प्रमाण मेटाउन सिंहदरबार र अदालत जलाएका हुन्। भिडियोमा देखिएकाहरू मात्र होइन, यो षड्यन्त्र गर्ने संसारले देखेका अपराधीहरूलाई कहिले थुन्ने हो ?'

उनले रास्वपाका नेताहरूमाथि हुने टिप्पणीको जवाफ दिँदै भने, 'हाम्रो कोट कालो होला, चश्मा कालो होला, तर हाम्रो धन र मन कालो छैन ।'

# रौतहटमा प्रधानमन्त्रीको पुतला दहन, 'हाकिम नपठाएर बजेट फ्रिज गरिएको' आक्रोश

**अपन दैनिक संवाददाता**
**रौतहट, असार २५ गते**

मौलापुर नगरपालिकामा बिहीबार संघीय सरकारविरुद्धको आक्रोशले चुलियो । प्रमुख प्रशासकीय अधिकृत नपठाएर नगरपालिका सञ्चालन नै ठप्प पारेको भन्दै स्थानीयले प्रधानमन्त्री बालेन्द्र शाहको पुतला दहन गरेका छन् । शाह प्रधानमन्त्री भएपछि मौलापुरमा उनको पुतला दहन भएको यो पहिलो घटना हो।

स्थानीयको आरोप छ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले महिनौँदेखि प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा नगरपालिकाको बजेट कार्यान्वयन रोकिएको छ भने विकास निर्माणदेखि दैनिक सेवा प्रवाहसम्म प्रभावित भएको छ । यही विषयलाई लिएर प्रदर्शनमा उत्रिएका स्थानीयले प्रधानमन्त्री शाह र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलविरुद्ध चर्को नाराबाजी गरेका थिए।



प्रदर्शनका क्रममा 'मौलापुरको बजेट फ्रिज गराउने बालेन सरकार मुर्दावाद', 'मौलापुरलाई हाकिमविहीन बनाउने मन्त्री प्रतिभा रावल मुर्दावाद', 'सम्मानित अदालतको आदेश कार्यान्वयन गर', 'मौलापुरमा तत्काल हाकिम पठाऊ' लगायतका नाराले बजार क्षेत्र गुन्जिएको थियो।

स्थानीयका अनुसार मन्त्रालयले सरुवा गरेर पठाएका प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरे लामो समयदेखि कार्यस्थलमा अनुपस्थित छन् । उनलाई फिर्ता बोलाइए पनि अर्को अधिकृत नपठाउँदा नगरपालिका नेतृत्वविहीन अवस्थामा पुगेको छ। त्यसको प्रत्यक्ष असर बजेट खर्च, भुक्तानी प्रक्रिया र सेवा प्रवाहमा परेको उनीहरूको भनाइ छ।

छ महिनादेखि तलब नपाएका नगर शिक्षकले यसअघि पेनडाउन आन्दोलन गरिसकेका छन्। बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गतका गर्भवती र सुत्केरी महिलाले पाउनुपर्ने सुविधा रोकिएको छ भने सरसफाइ कर्मचारीले समेत तलब नपाएपछि काम छाड्दा नगरको सरसफाइ व्यवस्था अस्तव्यस्त बनेको स्थानीय बताउँछन्।

यसबीच सर्वोच्च अदालतले मौलापुर नगरपालिकाका निःशुल्क विद्युत् र खानेपानीलगायत जनमुखी कार्यक्रमको भुक्तानी नरोक्न अन्तरिम आदेश दिए पनि प्रमुख प्रशासकीय अधिकृतको अभावमा आदेश कार्यान्वयन हुन नसकेको दाबी गरिएको छ।

मौलापुरकी नगरप्रमुख रिना साहले संघीय सरकारले नियतवश प्रमुख प्रशासकीय अधिकृत नपठाएर नगरपालिका नै बन्दी बनाएको आरोप लगाएकी छन्। बजेट कार्यान्वयनको संवेदनशील समयमा कर्मचारी रिक्त राखी बजेट फ्रिज गराउने षड्यन्त्र भएको उनको दाबी छ।

यद्यपि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीयले लगाएका आरोपबारे सार्वजनिक प्रतिक्रिया दिएको छैन । यस्तो अवस्थामा मौलापुरको प्रशासनिक अन्योल कहिलेसम्म लम्बिने भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ।

## गुप्तचर संस्थाको वृहत् पुनर्संरचना गरी क्षमता .............

पुराना दलहरूको गल्ती-कमजोरीलाई वर्तमान सरकारले नदोहोर्‍याउने कुरामा ठूलो जनअपेक्षा एवं इन्टेलिजेन्स समुदायको भरोसा रहेको छ। गुप्तचर संयन्त्रको पुनर्संरचनासहित व्यापक रूपान्तरण गर्ने सुनौलो अवसरको कसीमा वर्तमान सरकार रहेको छ। यसका लागि विभागको कानुनी, संस्थागत, जनशक्ति, स्रोत-साधन, प्रविधिको उपयोगमा व्यापक फेरबदल गर्नुपर्ने जरुरी छ।

वैशाख ३० गते नेपाल सरकार कार्यविभाजन नियमावली संशोधन गरी विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राख्ने बालेन सरकारको निर्णय गुप्तचर संस्थाको क्षमता अभिवृद्धि गरी शक्तिशाली एवं सक्षम बनाउने कार्यको सुरुवात हुन सक्छ। राष्ट्रिय सुरक्षाको संवेदनशीलता, गुप्तचरी सूचनाको महत्त्व, इन्टेलिजेन्स परिचालनसम्बन्धी सैद्धान्तिक दृष्टिकोण र अन्तर्राष्ट्रिय अभ्यासको सुझबुझविना 'प्रधानमन्त्री शक्तिशाली हुन्' भन्ने आधारमा पक्कै पनि विभागलाई प्रधानमन्त्री मातहत लगिएको होइन होला।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता एवं स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय सुरक्षालाई मजबुत बनाउने कार्यका लागि गुप्तचर संस्थाको पुनर्संरचना गरी परिवर्तित समयसँगै देखापरेका सुरक्षा चुनौतीहरू समयमा पहिचान, विश्लेषण गर्न सक्ने एवं प्रविधिमा आधारित शक्तिशाली संगठन बनाउने सरकारको सोच देखिन्छ। उक्त सोचले मूर्तता पायो भने सुरक्षा क्षेत्र सुधारमा बालेन सरकारको यो कदम ऐतिहासिक उपलब्धि सावित हुनेछ । देशको इन्टेलिजेन्स संयन्त्र बलियो बनाउने शक्तिशाली सरकारको उद्देश्यसमेत सफल हुन सकेन भने नेपालको सुरक्षा प्रणाली सधैं कमजोर भइरहने खतरा देखिन्छ। साथै पूर्ववर्ती कार्की सरकारबाट संस्थागत अस्थिरता सिर्जना गर्ने गरी भएको निर्णयबाट बेखुसी भएको इन्टेलिजेन्स समुदाय वर्तमान सरकारको प्रारम्भिक कदमले उत्साहित भए पनि विगतमा झैँ गुप्तचर संस्थाको पुनर्संरचना एवं रूपान्तरणको कार्यमा गतिरोध त आउने होइन भन्नेमा शंकित रहेको छ । बलियो इन्टेलिजेन्स संस्थाले बाह्य पक्षको चलखेल पहिचान, रोकथाम, न्यूनीकरण तथा नियन्त्रण गर्न सक्ने, विदेशी एजेन्सी र उनीहरूलाई साथ दिनेहरूको पोल खुल्दै जाने अवस्था आउँछ । सोही कारण नेपालमा गुप्तचर संस्था सुधारका लागि विगतमा भएका एकाध प्रयासहरू सफल नभएका दृष्टान्तलाई हृदयङ्गम गरी वर्तमान सरकारको राजनीतिक नेतृत्वले संयमता अपनाई इन्टेलिजेन्स परिचालन गर्नुपर्ने हुन्छ।

इन्टेलिजेन्स संस्थालाई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गका रूपमा रूपान्तरण गर्ने हो भने राष्ट्रिय अनुसन्धान विभागको नीतिगत, कानुनी, संस्थागत, कार्यशैलीगत अवस्थामा व्यापक सुधार गर्न जरुरी छ। इन्टेलिजेन्स परिचालन राष्ट्रिय नीति, २०६९ लाई समयसापेक्ष परिमार्जन गरी सोही नीतिका आधारमा चाँडोभन्दा चाँडो सम्बद्ध ऐन तथा नियमावली जारी गर्नुपर्दछ। वि.सं. २०७४ र २०७९ को निर्वाचनपछिका दुवै संसदमा विचाराधीन राष्ट्रिय गुप्तचर सम्बन्धी विधेयक दुवै पटक पारित नभई निष्क्रिय भएका थिए। वर्तमान सरकार गठन भएको एक महिनाभित्रै राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) सम्बन्धी विधेयक संसद् सचिवालयमा दर्ता भइसकेको छ। विधेयकमा राखिएका विद्युतीय सञ्चारहरूको अभिलेख राख्ने, सूचना सङ्कलनका लागि प्रविधिको प्रयोग गर्ने जस्ता कतिपय विषय परिवर्तित सुरक्षा चुनौती सामना गर्नका निमित्त अपरिहार्य भइसके पनि सो प्रावधानको आलोचना गरी विधेयक पारित गर्न अनावश्यक ढिलाइ हुँदा दुवै पटक निष्क्रिय हुन पुगे। वर्तमान समयमा असान्दर्भिक भइसकेको नेपाल विशेष सेवा ऐन, २०४२ लाई विस्थापित गर्नका लागि संसद्मा दर्ता भएको विधेयकलाई घनीभूत छलफल गरी चाँडोभन्दा चाँडो पारित गर्न जरुरी रहेको छ।

राष्ट्रिय अनुसन्धान विभागको संरचनागत अवस्था एवं कार्यशैली परम्परागत एवं पूर्णतः मानवीय इन्टेलिजेन्स (ह्युमिन्ट) मा आधारित छ। सुरक्षाका आन्तरिक र बाह्य चुनौती, विश्वव्यापीकरण, कृत्रिम बौद्धिकतासहित सूचना प्रविधिको द्रुत विकाससँगै डिजिटल सार्वभौमिकताको चुनौती, साइबर थ्रेट, संगठित अपराधका नवीनतम प्रवृत्ति, वित्तीय अपराधमा देखिएका आधुनिक ट्रेन्ड, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आतंकवाद, विश्वभर छरिएका नेपालीहरूको सुरक्षा इस्यु, आप्रवासी एवं शरणार्थीको वैश्विक समस्या, नेपालविरुद्ध र नेपालको भूमि प्रयोग गरी तेस्रो देशविरुद्ध बाह्य एजेन्सीबाट हुने जासुसी, बदलिँदो विश्व व्यवस्थाबाट नेपालको भूराजनीतिक एवं भूसामरिक सुरक्षामा उत्पन्न खतरा लगायतका पछिल्ला सुरक्षा चुनौती सम्बन्धी सूचना सङ्कलन, विश्लेषण गर्नका लागि विभागमा विशिष्टीकृत संरचना छैनन् । नजानिँदो तर क्रमशः पेचिलो गरी उपरोक्त सुरक्षा चुनौतीहरू अनुभूति गरिरहे पनि त्यसलाई पहिचान, विश्लेषण गर्ने प्राथमिक जिम्मेवारी बोकेको गुप्तचर संस्थाको विद्यमान कानुनी आधार, संस्थागत संरचना, जनशक्तिको क्षमता र उपलब्ध स्रोत-साधन, प्रविधिबाट ती चुनौती सामना गर्न कठिन देखिन्छ।

केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयको परम्परागत संरचनाबाट विभाग माथि उठ्न सकेको छैन। विकसित सुरक्षा चुनौतीहरूको वर्गीकरण एवं प्राथमिकीकरण गरी विशिष्टीकृत संरचना (विङ्स) खडा गर्न जरुरी छ। विश्वका अधिकांश मुलुकमा प्रति गुप्तचरी (काउन्टर इन्टेलिजेन्स) को छुट्टै सशक्त संरचना भए पनि नेपालमा काउन्टर इन्टेलिजेन्स कार्यका लागि कानुन र संरचना छैन। यद्यपि सानो शाखामार्फत विभागले वैदेशिक गतिविधिको सूचना सङ्कलन गर्दै आएको छ। वैश्विक र क्षेत्रीय आतंकवाद, कट्टरपन्थ लगायतका विषयमा सूचना सङ्कलन, विश्लेषण गर्न इन्टेलिजेन्स संस्थाअन्तर्गत छुट्टै प्रतिआतंकवाद सेल (काउन्टर टेरोरिज्म विङ) गठन गर्नुपर्ने दबाब रहेको छ । इन्टेलिजेन्स संस्थामा काउन्टर टेरोरिज्म विङ नहुँदा अन्तर्राष्ट्रिय तहबाट नेपालले आतंकवादविरुद्ध प्रभावकारी भूमिका खेल्न नसकेको भन्ने प्रश्न उठ्ने जोखिम रहेको छ।

सक्षमता र योग्यता प्रणालीभन्दा बाहिर गएर आफूअनुकूल कानुन बनाई विगतमा मनोमानी ढङ्गबाट कर्मचारी नियुक्त गर्ने परिपाटीले गर्दा हाल विभागमा कमजोर क्षमता भएका केही कर्मचारी रहेका छन्। आवश्यक तालिम, प्रशिक्षण दिँदा समेत परिवर्तित समयसन्दर्भमा आफूलाई रूपान्तरण गरी व्यावसायिक क्षमता विकास गर्न नसक्ने त्यस्ता कर्मचारीलाई स्वेच्छिक वा अनिवार्य अवकाश योजना (भीआरएस वा एफआरएस) ल्याई जनशक्ति शुद्धीकरण गर्न सकिने विकल्पमा सरकारले ध्यान पुर्‍याउनुपर्दछ।

राष्ट्रिय बजेटबाट सुरक्षा निकायहरूका लागि विनियोजन हुने बजेटमध्ये राष्ट्रिय अनुसन्धान विभागलाई करिब १ प्रतिशत बजेट विनियोजन हुने गरेको यथार्थले समेत स्रोत-साधनमा विभाग कति पछाडि परेको छ भन्ने देखाउँछ । इन्टेलिजेन्स प्राप्त गर्न या त सूचना किन्नुपर्छ कि त चोर्नुपर्दछ। सूचना किन्न बजेट आवश्यक पर्छ अनि चोर्न प्रविधि। हाल विभागसँग कोर इन्टेलिजेन्स किन्न न त पर्याप्त बजेट छ, न त सूचना चोर्ने प्रविधि । परम्परागत मानवीय इन्टेलिजेन्स (ह्युमिन्ट) बाट फड्को मारेर नवीनतम सुरक्षा चुनौती सामना गर्न सक्ने गरी प्राविधिक इन्टेलिजेन्स (टेकइन्ट) मा आधारित कार्यशैली अवलम्बन नगरेसम्म इन्टेलिजेन्स संस्था रूपान्तरणको बहस व्यर्थ सावित हुनेछ। सन्दिग्ध व्यक्तिहरूको टेलिफोन तथा सामाजिक सञ्जालबाट हुने सञ्चारको अभिलेखीकरण, सामाजिक सञ्जालहरूको मोनिटरिङ, साइबर थ्रेटहरूको डिटेक्सन गर्ने प्रविधिसहितको साइबर वाररुम निर्माण, राष्ट्रिय सुरक्षाविरुद्धका हरेक गतिविधिको डाटाबेस तयार, सूचना सङ्कलनमा शक्तिशाली ड्रोन, बगिङ डिभाइस, हिडन क्यामेरा आदि उपकरण प्रयोगजस्ता प्रविधिबाट इन्टेलिजेन्स संस्थालाई सुसज्जित नबनाउने हो भने गुप्तचर संस्थाको क्षमता जहाँको त्यहीँ रहन्छ।

देशको कार्यकारी प्रमुख मातहत होस् वा गृह मन्त्रालय मातहत होस्, विभागले आन्तरिक सुरक्षा, दैनिक शान्ति-व्यवस्थाका विषयमा गृह मन्त्रालयलाई निरन्तर सूचना सम्प्रेषण गर्दै आएको छ । अब फेरि प्रधानमन्त्री कार्यालयअन्तर्गत राखिए पनि साविकमा झैँ गृह मन्त्रालयसँगको सूचना समन्वयमा विभागले कुनै कन्जुस्याइँ गर्ने अवस्था रहँदैन । अपरेसनल इन्टेलिजेन्सका हकमा अन्य सुरक्षा निकायसँगको सूचना समन्वयलाई विगतमा जस्तै विभागले निरन्तरता दिनुपर्दछ । सूचना सम्प्रेषण प्रणालीमा सुधार गरी इन्टेलिजेन्स प्रतिवेदनको संवेदनशीलताका आधारमा कलर कोड वर्गीकरण गरी सम्प्रेषण गर्ने, सम्प्रेषण प्रणालीमा सुरक्षित प्रविधिको प्रयोग गरी शीघ्रता एवं प्रभावकारिता ल्याउन जरुरी छ।

## बजेट स्वीकृत एउटा, लागत अनुमान अर्कै ........

अख्तियारले जनाएको छ।

त्रिपक्षीय सम्झौता बमोजिम उपभोक्ता समितिलाई ५०/५० प्रतिशत रकमका दरले भुक्तानी दिनुपर्ने व्यवस्था थियो । तर गाउँपालिकाले नेपाल सरकारबाट प्राप्त अनुदानको शत प्रतिशत रकम अर्थात् ५० लाख रूपैयाँ मध्ये कर कट्टी गरी बाँकी रहेको ४९ लाख २० हजार ९०३ रूपैयाँ उपभोक्ता समितिलाई भुक्तानी गरिदिएको थियो। साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई ५० प्रतिशत लागत साझेदारी गराउनुपर्नेमा आफ्नो कानुनी कर्तव्य र कार्यविधि पालना नगरी सो रकम उपलब्ध गराइएको थियो।

हाल सो योजना अपूर्ण, जीर्ण तथा प्रयोगविहीन अवस्थामा रहेको र निर्माण गरिएको संरचना कुनै पनि प्रयोजनका लागि उपयोग गर्न सक्ने अवस्थामा नरहेको अख्तियारको विज्ञप्तिमा उल्लेख छ । नेपाल सरकारको सम्पत्ति हानि नोक्सानी गर्ने कार्यमा गाउँपालिकाका जिम्मेवार कर्मचारी, सहकारी संस्था र उपभोक्ता समितिका व्यक्तिहरूको संलग्नता पुष्टि भएपछि अख्तियारले विहीबार सजायको मागदाबी सहित मुद्दा दायर गरेको हो।